दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३३८ | बुटवल | २०८२ पौष ०३ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday December 18, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## जेनजी आन्दोलनका घाइते र मृतकका परिवारलाई वैदेशिक रोजगारीमा निःशुल्क पठाइने

**लुम्बिनी संवाददाता**
*बुटवल ।*

सरकारले वैदेशिक रोजगारीमा जान चाहने जेनजी आन्दोलनका घाइते तथा मृतकका परिवारलाई निःशुल्क पठाउने भएको छ । २३ र २४ भदौमा भएको जेनजी आन्दोलन क्रममा घाइते भएका र मृतकका परिवारलाई वैदेशिक रोजगारीमा जान राज्यले सहजीकरण गर्ने भएको हो ।

त्यस्तै स्वदेशमा काम गर्न चाहनेका हकमा सिपमूलक तालिम प्रदान गरिने छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले घाइते तथा मृतकका परिवारलाई आन्तरिक रोजगारीमा जोड्न आवश्यक पर्ने सिपमूलक तालिम प्रदान गर्न लागेको हो । मन्त्रालयले व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानमार्फत् उनीहरूलाई सीपमूलक तालिम प्रदान गर्न लागेको हो । कोही वैदेशिक रोजगारीमा जान चाहनेको हकमा म्यानपावर व्यवसायीसँगको समन्वयमा निःशुल्क पठाउने व्यवस्था मिलाउन लागिएको मन्त्रालयले जनाएको छ ।

श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले जेनजी आन्दोलनका घाइते र मृतकका परिवारलाई आन्तरिक रोजगारीका लागि आवश्यक पर्ने सीपमूलक तालिम दिइने बताए । त्यसका लागि मन्त्रालयले आन्तरिक गृहकार्य अघि बढाएको उनको भनाइ छ ।

नवनियुक्त श्रममन्त्री राजेन्द्रसिंह भण्डारीले उनीहरूलाई आन्तरिक रोजगारीमा जोड्न आवश्यक पर्ने सीपमूलक तालिम दिने गरी काम अघि बढाउन निर्देशन दिएका दिए । त्यस्तै वैदेशिक रोजगारीमा जान चाहनेलाई निःशुल्क जाने व्यवस्था मिलाउन समेत निर्देशन दिएका थिए । मन्त्रीको निर्देशन अनुसार मन्त्रालयले आवश्यक गृहकार्य अघि बढाएको हो ।

मन्त्री भण्डारीले वैदेशिक रोजगार व्यवसायी संघ अध्यक्ष भुवन गुरुङ लगायत पदाधिकारीसँग समेत छलफल गरेका थिए । छलफलमा वैदेशिक रोजगारीमा जान चाहनेलाई निःशुल्क पठाउन समन्वयन गर्न अनुरोध गरेका थिए । सीपमूलक तालिम लिएकालाई स्वदेशमै काम गर्न खोजे सोही अनुसार गरिने र वैदेशिक रोजगारीमा जान चाहेको खण्डमा संघसँगको समन्वयमा अघि बढ्ने गरी छलफल भएको थियो ।

छलफल क्रममा निःशुल्क वैदेशिक रोजगारीमा पठाउन आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिबद्धता संघले व्यक्त गरेको थियो । मन्त्रालयले यसका लागि जेनजी रोजगार सहजीकरण संयन्त्र निर्माण गर्ने भएको छ । प्रवक्ता घिमिरेले उक्त संयन्त्रले घाइते तथा मृतकका परिवारका सदस्यलाई मर्यादित र सुरक्षित आन्तरिक र बाह्य रोजगारी अवसर सुनिश्चत गरिने बताए ।

तालिम लिएकामध्ये कोही वैदेशिक रोजगारीमा जान चाहे संघलगायत संस्थासँग समन्वय गरेर निःशुल्क पठाइने उनको भनाइ छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकका हकमा वैदेशिक रोजगार बोर्डको सचिवालयमार्फत् तालिम दिने गरिएको छ । साथै, विभिन्न संघसंस्थामार्फत् समेत तालिम प्रदान गर्ने गरिएको छ । प्रतिष्ठान, सीटीईभीटीलगायत सरकारी निकायबाट आन्तरिक रोजगारीका लागि सीपमूलक तालिम प्रदान गर्दै आएका छन् ।

घाइतेका परिवार र मृतकका परिवारसँगको समन्वय, छलफल र परामर्शमा उनीहरूलाई आवश्यक पर्ने तालिम प्रदान गरिने प्रवक्ता घिमिरेले बताए । जेनजी आन्दोलन क्रममा करिब २ हजार ५ सय घाइते भएका थिए भने ७६ जनाको मृत्यु भएको थियो । सरकारले जेनजी आन्दोलनलाई जनआन्दोलन मान्यता दिएको थियो । सरकार र जेनजी प्रतिनिधिबिच १० बुँदे सहमति भएको थियो ।

सहमतिअनुसार सहिद परिवार तथा घाइतेको तत्कालीन र दीर्घकालीन आवश्यकताको यथोचित सम्बोधन गर्न सम्बन्धित सहिद परिवार र घाइतेसँगको परामर्श तथा समन्वयमा तत्काल एक उच्चस्तरीय कार्यदल गठन गरी अन्तरिम राहत, क्षतिपूर्ति, निःशुल्क स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श, निःशुल्क शिक्षा, रोजगारी, सामाजिक सुरक्षा एवं अर्थपूर्ण स्मृतीकरण (मेमोरियलाइजेसन) समेतको परिपूरणीय व्यवस्था सुनिश्चित गरिने सहमति भएको थियो ।

## जेनजी आन्दोलन जाँझबुझ आयोगको म्याद एक महिना थपिने

बुटवल । जेनजी आन्दोलनका क्रममा गत भदौ २३ र २४ गते भएका घटनाबारे जाँझबुझ गर्न गठित आयोगले एक महिना म्याद थप गर्न सरकारलाई आग्रह गरेको छ ।

बुधबार सिंहदरबारमा प्रधानमन्त्री सुशीला कार्कीसँग छलफल गर्दै आयोगका पदाधिकारीहरुले जाँचबुझ आयोगको म्याद एक महिना थप गर्न आग्रह गरेका हुन् ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा ५ असोजमा जाँचबुझ आयोग गठन भएको थियो । आयोगको म्याद तीन महिना तोकिएको थियो । म्याद सकिन लाग्दा पनि बयान लिने क्रम नै जारी रहेकाले आयोग पदाधिकारीहरुले थप समय माग गरेका छन् ।

जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले आयोगलाई काम गर्न केही समय अपुग भएकाले एक महिना थप गर्न प्रधानमन्त्रीसमक्ष आग्रह गरेको जानकारी दिए ।

जवाफमा प्रधानमन्त्री कार्कीले समय थप गर्ने जानकारी गराएको पनि उनले बताए ।

त्यस्तै कार्कीले अर्को साता पूर्वप्रधानमन्त्री र पूर्वगृहमन्त्रीलगायत राजनीतिक दलका नेताहरुलाई बयानमा बोलाउने तयारी भएको जानकारी पनि दिए । जाँचबुझ आयोगले जेनजी घटनाका सम्बन्धमा सुरक्षा र प्रशासनका उच्च अधिकारीहरूको बयान लिइसकेको छ ।

# बुटवल मण्डपमा आजदेखि औद्योगिक प्रदर्शनी

### बुटवल मण्डपमा पुस १७ सम्म सञ्चालन हुने प्रदर्शनीको अर्थमन्त्री रामेश्वर खनालले उद्घाटन गर्ने आयोजक रुपन्देही उद्योग संघले जनाएको छ ।




**लुम्बिनी संवाददाता**
*बुटवल*

'समृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशीलताको विस्तार' नाराका साथ आज बिहीबारदेखि बुटवलमा १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी कृषि, प्रविधि तथा पर्यटन महोत्सव-२०८२ सुरु हुँदैछ । रुपन्देही उद्योग संघको आयोजनामा हुने प्रदर्शनीको उद्घाटन अर्थमन्त्री डा. रामेश्वर खनालले दिउँसो सवा दुई बजे गर्ने कार्यक्रम तय भएको संघले जनाएको छ । प्रदर्शनीमा विभिन्न प्रकृतिका ५ सय वटा स्टलहरु रहने छन् । स्टलहरुलाई विभिन्न विधाका १० वटा पेभिलियनहरु निर्माण गरिएको छ । प्रदर्शनीमा ३९ जिल्लाबाट सहभागिता रहेको छ । प्रदर्शनीको पूर्वसन्ध्यामा बुधबार औद्योगिक जनचेतना र्‍याली निकालिएको छ । प्रदर्शनीस्थल बुटवल मण्डपबाट सुरु भएको र्‍याली राजमार्ग चौराहा, मिलनचोक, अस्पताललाइन, ट्राफिकचोक, श्रवणपथ, सुख्खानगर हुँदै पुनः प्रदर्शनी स्थलमा आएर समापन भएको थियो । र्‍यालीमा जातजाति, भेषभुषा, विद्यालय, धार्मिक, टोल विकास समिति, उद्योग आदि गरी ५२ संघसंस्थाहरुको सहभागिता रहेको थियो । प्रदर्शनी मुल आयोजक समितिका पदाधिकारी, उपसमितिका सदस्यहरु, सल्लाहकारहरुको अगुवाइमा गरिएको र्‍यालीमा औद्योगिक विकासका लागि विभिन्न नारा लेखिएका प्ले कार्ड बोकिएको थियो ।

र्‍यालीको समापनका अवसरमा र्‍यालीमा सहभागीहरुलाई मूल्याङ्कन गरी पुरस्कृत गरिएको थियो । औद्योगिक जनचेतना र्‍यालीका संयोजक थानेश्वर पाण्डेले दिएको जानकारी अनुसार नेवाः संस्कृति संरक्षण समाज प्रथम, क्षेत्री समाज जिल्ला कार्यसमिति नेपाल द्वितीय, कालिका मानवज्ञान मा.वि. तृतीय र नेपाल लोक भजन चुटकिला संरक्षण प्रतिष्ठान, ग्रिल स्टील तथा आल्मुनियम व्यवसायी संघ रुपन्देही तथा स्कलर्स होम सेकेण्डरी बोर्डिङ् स्कूल बुटवल सान्त्वना भएका थिए ।

र्‍यालीमा सहभागी र पुरस्कृतहरुलाई कार्यक्रमका बुटवल उप-महानगरपालिकाका नगरप्रमुख खेलराज पाण्डेले प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रममा मूल्याङ्कन समितिका संयोजक दिलिप सापकोटाले मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गरेका थिए । कार्यक्रममा बोल्दै नगर प्रमुख पाण्डेले बुटवलको परिचय थपेको प्रदर्शनीलाई सबै मिलेर सफल बनाउनुपर्ने बताए ।

कार्यक्रममा प्रदर्शनी मुल समितिका संयोजक कृष्णप्रसाद पराजुली, सदस्य सचिव सुमन बस्याल, औद्योगिक जनचेतना र्‍यालीका संयोजक थानेश्वर पाण्डेलगायतले आफ्ना धारणा राखेका थिए ।

स्वदेशी उत्पादनको प्रदर्शन र बजारीकरण गर्ने मुख्य उद्देश्यका साथ सञ्चालन हुने १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी कृषि, प्रविधि तथा पर्यटन महोत्सव पुस १७ गतेसम्म चल्नेछ ।

प्रदर्शनीमा ८ लाख दर्शकले अवलोलकन गर्ने र ३० करोडको आर्थिक कारोबार हुने लक्ष्य राखिएको प्रदर्शनी प्रबन्धक यादव भण्डारीले जानकारी दिए । प्रदर्शनीमा औद्योगिक प्रविधि, उद्योग प्रविधि, रेष्टुरेण्ट, कृषि, हस्तकला, फलोरीकल्चर, गार्मेन्ट, बेकरी तथा कन्फेक्सनरी, छालाजुत्ता, खाद्यान्न, आइटीलगायतका स्टल रहने प्रचारप्रसार संयोजक किरण खरेलले बताए ।

प्रदर्शनीलाई मनोरञ्जनात्मक बनाउन लोकदोहोरी प्रतियोगिता, नेपालका ख्यातिप्राप्त आधुनिक गायक गायिका, हास्य कलाकार, ब्याण्डहरुको सांगीतिक कार्यक्रम, विद्यालयस्तरीय लोकनृत्य तथा वक्तृत्वकला प्रतियोगिता, प्रदर्शनी आइडल, भजन प्रतियोगितालगायतका प्रतियोगिताहरु सांस्कृतिक उप-समिति संयोजक लालप्रसाद बस्यालले जानकारी दिए ।

प्रदर्शनीमा प्रविधिबारे जानकारी दिने, उद्योगी र उपभोक्ताहरूको सोझो सम्पर्कको स्थापना गर्ने, उत्पादित वस्तुहरूको बजार प्रवर्धन र गुणात्मक प्रतिस्पर्धाको विकास गर्ने, उद्योगीहरूका बिचमा समस्या, अवसर र चुनौतीबारे अन्तर्क्रिया गर्ने, सूचना र प्रविधिको विकास, विस्तार र आदान-प्रदान गर्ने, पर्यटन क्षेत्रको विकास, सान्दर्भिक गोष्ठी, अन्तर्क्रिया र कार्यशालाको आयोजना गर्ने, अवलोकनकर्ता र उपभोक्ताहरूको सुझावहरूको संकलन गरिने सचिव तथा परिचय पत्र उपसमिति संयोजक अशोक कुँवरले बताए ।

## कार्गो विमानमा उडेर कतार गए नेपाली हात्ती



बुटवल । नेपाल सरकारले उपहार स्वरुप दिएका दुई हात्ती भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट कतारका लागि उडेका छन् । कतार एयरवेजको उडान नम्बर क्यू आर ८८२४ अन्तर्गतको बोइङ ७७७ एफ फ्रेटर जहाजमार्फत् बुधबार दिउँसो ५ बजेपछि खगेन्द्रप्रसाद र रुद्रकली नामका दुई हात्ती विमानस्थलबाट छुटेका हुन् ।

दुई हात्ती मंगलबार नै चितवनबाट भैरहवा ल्याइएको थियो । यसअघिबुधबार बिहान जहाज भारतको कोलकाता डाइभर्ट भएको थियो । भैरहवाबाट उडान भरेको ४ घण्टामा कतार पुग्ने विमानस्थलका महाप्रवन्धक प्रतापबाबु तिवारीले बताए । बुधबार बिहान मौसम खराब हुँदा जहाज कोलाकाता डाइभर्ट भएको थियो ।

हात्तीहरूसँगै चितवनका एक जना पशु प्राविधिक, रूद्रकलीका माउते बुद्धिलाल श्रेष्ठ तथा खगेन्द्रप्रसादका माउते पाचुखा थारु पनि कतार प्रस्थान गरेका छन् । केही समय हात्तीहरूको रेखदेख गर्नेदेखि त्यहाँका कर्मचारीहरूलाई हात्तीको स्याहारसुसार गर्न सिकाएर मात्रै उनीहरू फर्किने छन् ।नेपाल सरकारका तर्फबाट कतारलाई उपहारस्वरूप ६ वर्षको भाले हात्ती खगेन्द्रप्रसाद र ७ वर्षकै पोथी हात्ती रुद्रकली पठाइएको हो । २०८१ बैशाख ११ र १२ गते कतारका अमिर शेख तमिम विन हमाद अल थानीको नेपाल भ्रमणका क्रममा सरकारले एक जोडी हात्ती कतारलाई उपहार दिने वाचा गरेको थियो ।

२०७६ माघमा खगेन्द्रमली पोस्टमा कोशीकलीबाट जन्मिएको खगेन्द्रप्रसाद हात्ती प्रजनन् तथा तालिम केन्द्र खोरसरमा हुर्किएको हो । खगेन्द्रमली पोस्टमा जन्मिएकोले उसको नाम पनि खगेन्द्रप्रसाद नै राखिएको हो ।

खगेन्द्रप्रसादकी आमा कोशीकलीलाई प्रशिक्षक हात्तीसमेत भन्ने गरिन्छ । छावाहरूलाई तालिम दिन कोशीकलीलाई प्रयोग गर्ने गरिन्छ । हात्ती प्रजनन् तथा तालिम केन्द्रमा घुम्न पुग्ने पर्यटकहरूलाई फूलको माला लगाएर आर्शिवाद दिने काम खगेन्द्रप्रसादले गर्दै आएको थियो ।

हात्ती प्रजनन् केन्द्रमा २०७५ सालमा पूजाकलीको कोखबाट जन्मिएकी रुद्रकली जन्मिएको हो । पूजाकलीको रुद्रकली जम्मा ३ महिनाको हुँदा नै मृत्यु भएको थियो । माउको मृत्यु भएपछि रुद्रकलीलाई माउतेहरूले रेखदेख गरेर हुर्काएका थिए । यी दुवै हात्तीको बाबु जंगली हात्ती 'रोनाल्डो' रहेको निकुञ्जले पुष्टि गरेको छ । २०४४ सालमा भारतले उपहारस्वरूप दिएका १६ हात्तीलाई राखेर सौराहामा हात्ती प्रजनन् केन्द्र खोलिएको थियो । भारतले हात्ती दिएपछि नेपालले भारतलाई त्यतिबेला ४ वटा एकसिंगे गैंडा दिएको थियो ।

## नेपाल ट्रस्टको जग्गा लिज निर्णयविरुद्ध ठगी मुद्दा दायर



बुटवल । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी)ले नेपाल ट्रस्टको दरबारमार्गस्थित दुई रोपनी जग्गा लिजमा दिने निर्णय हुँदा ठगी भएकाले मुद्दा दायर गरेको छ । बुधबार सरकारी वकिलको कार्यालयले जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो ।

करिब एक महिना लामो अनुसन्धानपछि सीआइबीले नेपाल ट्रस्टका तत्कालीन सचिव अर्जुनबहादुर कार्की, सहसचिव लेखबहादुर कार्की र थमसेर्कु डेभलपर्सका सञ्चालक सोनाम शेर्पामाथि ठगी र आपराधिक लाभको आरोपमा मुद्दा चलाउनुपर्ने राय लेखेको थियो । सोही अनुसार, बुधबार मुद्दा दायर भएको हो । नेपाल ट्रस्टले सात वर्षअघि दरबारमार्गस्थित जग्गा थमसेर्कुलाई लिजमा दिने निर्णय गर्दा अनियमितता भएको भनी प्रश्न उठिरहेको छ । अनियमितता र भ्रष्टाचारको पर्याप्त प्रमाण हुँदाहुँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सात वर्षअघि मिलेमतोमा फाइल तामेलीमा राख्ने निर्णय गरेको थियो ।

निर्णयमा तत्कालीन सचिव अर्जुनबहादुर कार्की र सह-सचिव लेखबहादुर कार्की संलग्न छन् । सीआईबीले 'ठगी र आपराधिक विश्वासघात'को आरोपमा अनुसन्धान अघि बढाइएको दाबी गरेको थियो । उनीहरूले नेपाल ट्रस्टलाई ६ अर्ब ४५ करोड ६६ लाख ३७ हजार ९९४ रुपैयाँ ३१ पैसा दिने प्रस्ताव स्वीकार गर्न सिफारिस गरेको भए पनि एक अर्ब ५९ करोड ४० लाख ५२ हजार २०४ रुपैयाँ ६० पैसामा सम्झौता गरेको र उक्त सम्झौता नियम संगत नदेखिएको र ठगी गरेको सीआइबीको निष्कर्ष छ ।

समृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशीलताको विस्तार

१६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी
कृषि, प्रविधि तथा पर्यटन महोत्सव २०८२

सादर-निमन्त्रणा ।

रुपन्देही उद्योग संघ, बुटवलको आयोजनामा यही पौष ३ गतेदेखि १७ गतेसम्म संचालन हुन गइरहेको '१६ औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि, तथा पर्यटन महोत्सव २०८२' को समुद्घाटन समारोहमा विशेष सल्लाहकार, मूल समिति, उपसमिति, आजिवन सदस्य, संस्थागत सदस्य, संघसंस्था, सदस्य उद्योगी, संचारकर्मीलाई निमन्त्रणा कार्ड पठाइ सकिएको छ । कारणवश प्राप्त नभएमा यसै सूचनालाई आधार मानेर समुद्घाटन समारोहमा उपस्थित भइदिनुहुन सादर निमन्त्रणा गर्दछौं ।

कार्यक्रम
मिति: २०८२ पौष ३ गते बिहीबार
समय: दिउँसो २:१६ बजे
स्थान: अन्तर्राष्ट्रिय प्रदर्शनी स्थल, बुटवल मण्डप, बुटवल

कृष्ण प्रसाद पराजुली
संयोजक, मूलसमिति
तथा
अध्यक्ष, रुपन्देही उद्योग संघ

## सम्पादकीय

# रेमिट्यान्सलाई उत्पादन बढाउन उपयोग गरौं

चालु आर्थिक वर्षको चार महिना साउनदेखि कात्तिकसम्म ६ खर्ब ८७ अर्ब १३ करोड रुपैयाँ रेमिट्यान्स मुलुक भित्रिएको छ ।गत आर्थिक वर्षको पहिलो चार महिनाको तुलनामा यस वर्ष भित्रिएको रेमिट्यान्स ३१ प्रतिशतले बढी हो । गत वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह ९ प्रतिशतले बढेको थियो ।

रेमिट्यान्समा भइरहेको वृद्धिबाट नेपालको अर्थतन्त्र टिक्ने वातावरण बनेकोले खुशी हुने प्रवृति छ । खासमा रेमिट्यान्समा आधारित अर्थतन्त्र दीगो नहुने र यसले गंभीर परिणाम ल्याउने चेतावनी विज्ञहरुले दिइरहेका छन् । नेपाल लामो समयदेखि रेमिट्यान्सबाट अर्थतन्त्र धानिएको छ । रेमिट्यान्समा धानिएको अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रुपान्तरण गर्न नसक्दा मुलुक परनिर्भर भइरहेको र मुलुकमा बेरोजगारी बढिरहेको छ । बढ्दो बेरोजगारीलाई न्युनिकरण गर्न उत्पादनमुखी अर्थतन्त्रबाट मात्रै संभव छ । मुलुकमा बर्षेनी ५ लाख जनशक्तिलाई रोजगार आवश्यक छ । यो जनशक्तिलाई मुलुकमा रोजगार संभव नभएपछि विदेशिनु बाध्यता छ । अझ अहिले अध्ययनको नाउमा विदेशिने र त्यसपछि मुलुकमा फर्किने न्युन छन् । विदेश भएका युवाले पठाएको पैसाले मुलुकको अर्थतन्त्र चल्ने अवस्था सबल अर्थतन्त्र निर्माणका लागि स्वभाविक मानिदैन् ।

अहिले मुलुकलाई डेढ वर्षलाई चाहिने वस्तु किन्न पुग्ने अमेरिकी डलर सञ्चित छ । यो पैसा रेमिट्यान्स आप्रवाहमा आएको सुधारले मात्रै संभव भएको हो । तत्काललाई सरकारलाई कुनै तनाव भएन् । मुलुक आर्थिक मन्दीमा फस्दा समेत श्रीलंकाको जस्तो अवस्था व्यहोर्नुपरेन् । आगामी दिनमा पनि त्यस्तो अवस्थाबाट मुक्त भयो तर रेमिट्यान्समा आधारित अर्थतन्त्रलाई फेरबदल गर्न सकिएन् भने मुलुकले गंभीर संकट व्यहोर्ने निश्चित छ ।

उत्पादमुखी अर्थतन्त्रले आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्छ, त्यस्तो अर्थतन्त्र निर्माणले रोजगारी श्रृजना गर्छ । रोजगारी श्रृजना गरी बेरोजगारी अन्त्य गर्न सक्दा र विदेश जाने प्रवृतिलाई न्युनिकरण गर्न सक्दा मुलुकले फड्को मार्न सक्छ ।

युवा पलायनले अहिले ग्रामीण वस्ती सुनसान हुन थालेका छन् । पहाडमा उत्पादन हुने खेतबारी बाँझै छन् । यस्तो कहाली लाग्दो अवस्था अन्त्य गरी उत्पादनमुखी बनाउन सक्दा मात्रै मुलुकले सही बाटो लिनसक्छ ।

# आलोचनात्मक बहसमा लोकतन्त्र ?


एच.के. श्रेष्ठ

विवादित संविधानले मुलक चल्न सक्दैन । यो धैरै टिक्नेमा संका भइसक्यो । लोकतन्त्रको काम फगत चुनाव गर्ने बस्ने र यहि अबस्था बढाउने र मुलुक झन भन्दा झन बर्बाद गर्ने काम जस्तो भएको छ ।यस्तो चरम परिस्थितिलाई बुझ्दा बुझ्दै मुलुक आन्तरिक रुपमा कमजोर बनाउनु र बाह्य रुपमा विदेशी शक्ति(लाई खेल्ने मैदान खाली गराउनु लोकतान्त्र धरापर धारासायी बनाउनु मात्र होइन लोकतन्त्रको भविस्यमा जोखिम पैदा हुँदै गएको छ ।

नेपाली जनताको त्याग, तपस्या र बलिदान सहितको गौरवमय उपलब्धी लोकतन्त्र प्रश्नै प्रश्नको घेराबन्धीमा परेको छ । संघीय गणत(न्त्रको पुरकमा यसो हुनु बिडम्बना हो । लोकतन्त्र सवै राजनीतिक विचार र वादहरूको साझा घर मानिन्छ । सवै राजनीतिक दलहरूलाई मान्य विकल्प तन्त्रको रूपमा पनि हो । शासन प्रणालीको दृष्टान्तबाट अवलोकन गर्दा यो कुनै वर्ग विशेषको शासन नभई जनताको शासन हो भन्ने ठानिन्छ । अझ अरू परिभाषागत हिसावले हेर्दा राजनीतिक नजरले लोकतन्त्र स्वतन्त्रताको संरक्षक, व्यक्तिको अधिकतम कल्याण तथा बहुसंख्यक श्रमजीवि जनताको सत्तामा हुने वोलबाला हो भन्ने मा(न्यता राख्दछ । अव्राहन लिंकनकै परिभाषालाई स्वीकार गर्ने हो भने पनि "प्रजातन्त्र जनताको जनताद्धारा जनताको लागि निर्मित जनताकै सरकार हो ।" तर यसै तथ्य अनुसार पनि हाम्रो लोकतन्त्र खोक्रो पाउँछौं । लोकतन्त्र संस्थागत हुन नपाउँदै यसको जराहरूमा धमिरा लाग्न थाल्नुले यसको प्राप्ति अर्थहिन हुँदै गइरहेको अवस्था छ ।

आज यहि परिभाषा अनुसारको राज्य र सरकार नहुदा लोकतन्त्रकै खिसी उडेको छ । लोकतान्त्रिक संविधान बनेर नि कार्यन्वयनमा बि(वादले लोकतन्त्रनै धरापमा देखिन्छ । दलहरुका राजनीतिक होइन गैर राजनीतिक खेल मात्रै देखिन्छ । अझै पनि जनताको शासन नभएर वर्ग विशेषकै शासन छ भन्दा फरक नपर्ला । "प्रजातन्त्रमा अराजकता र विविधताको समावेश हुन्छ" भन्ने ग्रीक दार्शनिक प्लेटोको भनाईले सार्थकता पाएको छ । यो लोकतन्त्रले जन मानसमा वाक्क, दिक्क बनाएर आफैप्रति वितृष्णा पैदा गराउने नकरात्मक उपलब्धी हासिल गरेको छ । लोकतन्त्र वा प्रजातन्त्रलाई प्रजाले रूचाएको वा मनपराएको तन्त्र मानिन्छ । तर सिमित पहुँचवालाको मनपरी तन्त्र मात्रै चलेको छ ।

समानता, स्वतन्त्रता, वन्धुत्व र मानवता लोकतान्त्रिक शासन प्रणालीको प्रमुख आधार हुन् । तर हाम्रो लोकतन्त्रमा यो पाउँदैनौ । प्रोटोकल र नारामा सिमित छन् यी कुरा । व्यवहारमा उही हैकमवादी तथा एकतन्त्री पारा हावी छ । कुनै पनि दल भित्र समेत आन्तरिक लोकतन्त्र छैन । दलहरूको आन्तरिक अवस्था समेत चाकरी, चाप्लुसी, गुटवाद, व्यक्ति पुजा आदि मार्ग अवलम्बन गराइने परम्परा कायमै छन् । एउटा दल र अर्को दलको दुरी त छोटिएकै छैन ।

यो पनि लोकतान्त्रिक अभ्यास हुन सक्छ ? राजनीतिक तथा समाजशास्त्री म्याक्सले आलोचना गरे जस्तो, 'उच्च वर्गले निम्न वर्गलाई डोमिनेसन गर्ने बाटो' बनेको छ । उनैले भने जस्तै अझै यो नागरिकको होइन कुलीनहरूकै संरक्षक बन्दै छ र धनिकतन्त्रमा हावि छ । बेलायती समाजशास्त्री तथा विचारकको भनाइईमा पनि लोकतन्त्र नागरिक अधिकार र स्वतन्त्रताको रक्षा गर्ने दायित्व राख्दछ । तर यसको ठीक विपरित बरू 'हनन' का घट्नाहरु यसमा फस्टाएका छन् । एक आपसको घृणा, द्धेष, ईर्श्या, बेइम(ानी, फट्याई र धुत्याई जस्ता प्रवृत्ति र आचरण लोकतन्त्रको अवरोध मानिन्छ । तर यस्ता प्रवृत्तिको तीव्र विकास र वृद्धि चलखेल गर्ने खेल मैदान बनेको छ लोकतन्त्र । जसको सिकार संविधानमा बिवाद हुँदै समग्र मुलुक बनेको छ ।

लोकतन्त्रको अन्य खँदिलो अवयवहरूमा राष्ट्रियता, शुसासन, समावेशीकरण, राजनीतिक, साँस्कृतिक, आर्थिक स्वालम्बनता पर्दछन् । जुन पक्षहरू पनि खोक्रै छन् । जनताको समस्या र अभाव मेट्ने भन्दा वढी से वढी अभाव सिर्जना गर्ने लोकतन्त्रको नियति जस्तो भएको छ । फेरि पनि बजार भाउ आकाशिएको छ । भ्रष्टाचार बढेर मुलुकको कुन दुर्दशा भैइरहेको छ भन्नेत कुरै गरिराख्न उरेन । अन्याय अत्याचार झन उकासिदै गहिरहेको छ । आज पनि महंगीको विरूद्धमा, हर प्रकारका जनविरोधी क्रियाकलाप वा निर्णयको विरोधमा, बलत्कार, हत्या, हिँसाका घट्नाहरुका विरूद्धमा जनताले नारा जुलुस घन्काउँदै सडक तताउनु परिरहेको छ । लोकतन्त्रका आधारभूत सर्त र न्यूनतम मागहरू प्रति विरोधमा उत्रेर राज्यको ध्यानाकर्षण गर्न बाध्य बनाइएको छ । देशका सिमनाहरु मिचिएको छ । विसंगति, विकृति भ्रष्टचार स्वास्थ्य तथा शैक्षिक माफिया आदि जर्कटो ढंगले बढिरहेको देखिन्छ लोकतन्त्रमा । जेन जीको नाममा उर्लेको बिरोधको भेल त्यहि परिस्थितिको पराकाष्ठाको बदला हो ।

लोकतन्त्रप्रतिको भ्रमात्मक बुझाई के छ भने सामान्यतया खाली पेटले चिच्याउन पाउनु अथाव भोको पेटले भोक लाग्यो भन्ने स्वत(न्त्रता पाउनु, अभावको पिडालिएर पीडा सुनाउने स्वतन्त्रता पाउनु र राज्य संयन्त्रको वदमासीलाई विरोध गर्न पाउनु मात्र लोकतन्त्र हो भने जस्तो छ । तर लोकतन्त्र जवाफदेही हो र जिम्मेदार र जबाफदेहि बन्नुपर्छ भन्ने बुझाईको दुर्लभता भेटिन्छ । आजको युगमा भौतिक सुविधाहरूको परिपुर्ति अनिवार्य छ । यो दायित्व लोकतान्त्रिक राज्यको हो भन्ने चिन्तन अनिवार्य ठानिएको छैन । लोकतन्त्र सवै आवश्यकता परिपूर्तिको भरपर्दो माध्यम नठानिनु विडम्वना छ । ए

उटा राजाको गद्दी सामुहिक राजाहरूले लिनु, आधिकारिक रूपमा राज्यले हरक्षेत्रमा पुरानो नाम फेरेर नयाँ नाम राखी लोकतन्त्रको स्वाङ्ग पार्नु राजासँग जोडिएको बोर्ड हटाएर जनता जोडेर नयाँवोर्ड झुण्ड्याउनु आदि भित्ता, फाइल र अफिस दराजमा मात्र सिमित हुने नामको मात्रै यथास्थितिवादी अवस्था नै लोकतन्त्र भएको छ । हिजोका एकाध राज्य प्रमुखहरूले गरेका राष्ट्रघाति वैदेशिक पुरानो फाईलको हस्ताक्षरको पुनराबलोकन अझै हुन सकेन ।

सिंहदरवाबाट दिल्ली र बेइजिङ दरवार सम्मको चाकरी र चाप्लुसीको दलीय यात्राको पुल झन् मर्मत हुँदै गएको छ । लोकतन्त्रको सवै भन्दा कडी आधारशिला राष्ट्रियता हो । दिल्ली दरवारमा बन्दकी राखेर मात्र सिंहदरवार चल्ने परम्परा खारेजी हुन सकेको छैन । लोकतन्त्र व्यक्तिवादलाई प्राथमिक दिने साधन हो तर उन्नाइसौं शताब्दीको व्यक्ति(गत व्यक्तिवाद, व्यक्तिलाई महत्व दिने नभएर आधुनिक लोकतन्त्रको सामूहिक व्यक्तिबाद हुनुपर्ने । तर उही उन्नाईसौं शताब्दीको व्यक्तिवादी लोकतन्त्र लागू छ ।

अर्काको ऋणमा नयाँ प्रयोग र उपभोग गर्ने व्यवस्था लोकतन्त्रको अरू खोक्रोपन अझ साँच्चैको लोक हसाउने बनेको छ लोकतन्त्र । डन देखि डाँका सम्म, भ्रष्टदेखि भड्याहा र जड्याँहासम्म, कुख्यात देखि विख्यात सम्म वदमास देखि बद्नामी सम्म सवैलाई सवै दलले पुलपुल्याएर उालेकै छन । विगत(लाई केलाउदा सभासदहरू रातो पास्पोर्टको दोकान्दार बन्न मिल्ने, अम्बुलेन्स रातो चन्दन लगायतको तस्करी सामाग्री मालबाहक बन्न मिल्ने, मन्त्री ठेकेदार बन्न मिल्ने, जो जस्तो बन्न र जसले जे गर्न पनि मजाले मिल्ने गजवको लोकतन्त्र ! डन देखि ड्याङडुङ्गे सवै सभासदको योग्य क्यान्डिडेट बन्ने नाटकीय लोकतन्त्र ! राष्ट्रियता गुमाएको सिक्किम र प्रजातन्त्र गुमाएको भुटान जस्तो खोक्रो भएको छ, लोकतन्त्र । लोकतन्त्रले दलाल राष्ट्रवादको हैसियत लिएको छ । खँदिलो विषय वस्तु विनाको रंगिन कागजको बाह्य सुन्दरताले लेपिएको 'रूप' मात्रको खोक्रो लोकतन्त्र सकसमा छ !

लोकतान्त्रिक संविधान लोकतन्त्रको कडी हो भन्नेमा दुईमत छैन । संविधान राज्यको आत्मा नै हो । यसले मात्र लोकतन्त्र र गणतन्त्र दुवैलाई जमाउन सक्छ र राज्यको स्थाई रोड निर्माण गर्दछ । जहाँ शुसासन स्थायी शान्ति समावेशीकता, विकास र उन्नति तथा प्रगतिको गाडी गुड्न पाउँदछ ।

तर बनेको संविधान नै बि(वादित हुदै आयो र विवादमै छ । कार्यन्वयनमा प्रश्नै प्रश्न खडा छ । जिम्मेवार दलहरु गैर जिम्मेवार ढंगले द्धुन्द सिर्जना गर्नमा पौंठे जोरी खोजिरहेका छन् । जति असहमति कायम भयो उति नै लोकतन्त्र धरापमा पर्ने निश्चित छ । सम्पूर्ण दलहरुले हात्तेमालो गरेर अघि बढ्दै सँघीय लोकतान्त्रिक अभ्यासमा जान सकेका छैनन् । बरु लोकतन्त्रलाई कमजोर बनाउने र भत्काउने काम भईरहेको छ । विव(ादित संविधानले मुलक चल्न सक्दैन । यो धैरै टिक्नेमा संका भइसक्यो । लोकतन्त्रको काम फगत चुनाव गर्ने बस्ने र यहि अबस्था बढाउने र मुलुक झन भन्दा झन बर्बाद गने काम जस्तो भएको छ ।यस्तो चरम परिस्थितिलाई बुझ्दा बुझ्दै मुलुक आन्तरिक रुपमा कमजोर बनाउनु र बाह्य रुपमा विदेशी शक्तिलाई खेल्ने मैदान खाली गराउनु लोकतान्त्र धरापर धारासायी बनाउनु मात्र होइन लोकतन्त्रको भविस्यमा जोखिम पैदा हुँदै गएको छ ।

## बागलुङ महोत्सव:

# १० लाख दर्शक, १० करोडको कारोबार

गलकोट (बागलुङ) । जिल्लाको ठूलो मेलाको रूपमा रहेको बागलुङ महोत्सव यही पुस ११ देखि २१ गतेसम्म सञ्चालन हुँदैछ । बागलुङ उद्योग वाणिज्य सङ्घले आयोजना गर्ने आठौँ बागलुङ महोत्सव नजिकिएसँगै प्रचारप्रसारलाई व्यापक बनाइएको छ ।

महोत्सव हुने स्थान बाङ्गेचौर खेल मैदानमा रमाइलो मेला, मञ्चलगायत सामग्री आइसकेका छन् भने बागलुङ बजार तुल तथा ब्यानरले झिलिमिलि बनाउन थालिएको छ ।

'पर्यटन, कृषि, कला संस्कृति, उद्योग र व्यापार, समृद्ध बागलुङ निर्माणको आधार' भन्ने नारासहित गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि औद्योगिक व्यापार मेला तथा बागलुङ महोत्सव आयोजना गरिएको बताउँदै उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले यस पटकको महोत्सव पृथक हुने धारणा राखे ।

आठ लाखदेखि १० लाख दर्शकले महोत्सव अवलोकन गर्ने अनुमान गरिएको बताउँदै उनले रु १० करोड माथि आर्थिक कारोबार गर्ने लक्ष्य लिइएको जानकारी दिए ।

मुनाफाबाट कोसेली घर व्यवस्थित गर्ने, सडक मानवमुक्त बनाउने अभियानमा लागेको मानव सेवा आश्रमको कामलाई सफल बनाउन महोत्सवको टिकटबाट प्रतिटिकट रु १० सहयोग गर्ने, खेलकुदको विकासका लागि कोष स्थापना गर्ने, उद्योग वाणिज्य सङ्घबाट सञ्चालित सदस्य कल्याणकारी कोष सञ्चालनका लागि रु पाँच लाख जम्मालगायत सामाजिक उद्देश्यसहित महोत्सव आयोजना गरिएको अध्यक्ष शाक्यले जानकारी दिए ।

महोत्सवलाई बागलुङको व्यवसाय र पर्यटन प्रवर्द्धनसँग जोडिने छ भने अवलोकन गर्न अउने पर्यटकलाई बागलुङ बजार नजिकका पर्यटकीयस्थल भ्रमणको व्यवस्था मिलाइने छ । जिल्ला र प्रदेशका पर्यटकीयस्थलको वृत्तचित्र प्रर्दशनी, टिकटक च्यालेन्ज, फोटो कन्टेन्ट प्रतियोगिता, हाइकिङ एण्ड टुर प्याकेज, 'मेड इन बागलुङ' कक्ष स्थापना गरी स्थानीय भागो, गुन्द्रुकलगायत उत्पादनको प्रचारप्रसार गर्ने गतिविधि सञ्चालन हुनेछन् ।

महोत्सवमा रैथाने बाली र पशुजन्य उत्पादनको बिक्री, मौलिक जातीय झाँकी प्रदर्शन, सूचना प्रविधिसम्बन्धी परामर्श र बिक्री, शैक्षिक परामर्श, जातीय खानाका परिकारको स्टल तथा 'एक गाउँ एक उत्पादन'को सामग्री प्रर्दशनी राखिने छन् ।

## टिप्स/जानकारी

# हेपाटाइटिस सी संक्रमणको कारण, परीक्षण र उपचार

हेपाटाइटिस सी भाइरसको संक्रमणबाट हुने भाइरल लिभर डिसअर्डर हो । एचसीभीको संक्रमणले तीव्र हेपा(टाइटिस निम्त्याउँछ, तर लक्षणहरू सामान्यतया हल्का र विरलै देख्न सकिन्छ । क्रोनिक हेपाटाइटिसमा परिणत हुने सम्भावना लगभग ७० प्रतिशत रहन्छ ।

क्रोनिक हेपाटाइटिस भन्नाले कलेजोको सुन्निनु र कलेजोको टिस्युहरू कडा हुनु हो । जसले लामो समयसम्म हुँदा सिरोसिस भनिने अवस्था निम्त्याँउछ ।

कलेजो सिरोसिसको प्रारम्भिक चरणसम्म लगभग कुनै लक्षणहरू हुँदैनन्, तर जब फाइब्रोसिस बढ्दै जान्छ र साम(ान्य टिस्यु घट्छ, यस्ता लक्षणहरू देखा पर्छन्ः थकान, एनोरेक्सिया, जन्डिस, जलोदर, एसोफजिअल भ्यारिसेस्, स्प्लेनोमेगाली, र हेपाटिक इन्सिफेलोप्याथी (एकाग्रतामा कमी, कोमा)। फाइब्रोसिस बढ्दै जाँदा कलेजोको क्यान्सर हुने जोखिम बढ्छ।

**संक्रमण र रोकथाम**

हेपाटाइटिस सी भाइरस रगत र रगत भएको शरीरको तरल पदार्थबाट सर्छ ।

संक्रमणको मुख्य कारणहरू आमा-बालबालिक(ाको संक्रमण हुनु, रक्तक्षेपण, स्वास्थ्य कर्मचारीहरुले सुई लगाउँदा हुने दुर्घटना र सिरिन्जको पुनःप्रयोग लगायत हुन् ।

अहिले संक्रमणको मुख्य कारण असुरक्षित यौन गतिविधिहरु रहेको छ। अर्को छेड्ने वा ट्याटू बनाउने उपकरणको निर्मलीकरण नगरी दुई वा दुई भन्दा बढी व्यक्तिमा प्रयोग गरिनु हो ।

टूथब्रस र सेभिङ गर्ने उपकरण जस्ता दैनिक वस्तुहरू एकअर्काको प्रयोग गर्नुहुँदैन । यदि गर्भवती महिलालाई हेपाटाइटिस सी छ भने, यो प्रसवको समयमा जन्म रगत मार्फत् सन्तानमा प्रसारित हुन सक्छ, जसमा ५-१० प्रतिशत सम्भावना रहेको पाइएको छ ।

यौन क्रियाकलापले विरलै हेपाटाइटिस सी संक्रमण निम्त्याउँछ, तर हालैका वर्षहरूमा यो बढ्दै गएको छ । एनल सेक्स एक जोखिम कारक हो किनभने सजिलै रक्तस्राव नि(म्त्याउँने यौन गतिविधि द्वारा यो प्रसारित हुन सक्छ ।

यो ज्ञात छ कि पित्त र मलद्वारमा हेपाटाइटिस सी भाइरसको तुलनात्मक रूपमा उच्च अनुपात हुन्छ । त्यसैले रोकथामका लागि कण्डमको प्रयोग महत्वपूर्ण मानिन्छ ।

**परीक्षण**

हेपाटाइटिस सी भाइरसको लागि परीक्षण गर्न दुई प्रकारका रगत परीक्षणहरू छन्। एक एन्टिबडी परीक्षण गरिन्छ किनकि यो भाइरस शरीरमा प्रवेश गर्दा उत्पादन हुन्छ, र एचसीभी-आरएनए परीक्षण भाइरसको जीन आरएनए पत्ता लगाउन प्रयोग गरिन्छ।

यदि तपाईं पहिले संक्रमित हुनुभएको छ भने, तपाईंको उपचार पछि पनि एन्टिबडी परीक्षण पोजेटिभ हुनेछ। एचसीभी-आरएनए परीक्षणहरू तिनीहरू हाल हेपाटाइटिस सी भाइरसबाट संक्रमित छन् कि छैनन् भनेर निर्धारण गर्न सामान्यतया एन्टिबडीहरूमा सकारात्मक परीक्षण आउने व्यक्तिहरूमा गरिन्छ ।

**उपचार**

हेपाटाइटिस सी को लागि दुई प्रकारका उपचारहरू छन्ः एन्टिभाइरल थेरापी, जसले शरीरबाट भाइरस हटाउँछ, र कलेजो संरक्षण थेरापी, जसले कलेजोलाई जोगाउँछ र कुनै कारणले भाइरस हटाउन नसकेको अवस्थामा प्रयोग हुन्छ। हालैका वर्षहरूमा, एन्टिभाइरल थेरापीले ठूलो प्रगति गरेको छ, र ओरल एन्टिभाइरल औषधिहरूमा भाइरसहरू हटाउने उच्च सम्भावना हुन्छ ।

यदि संक्रमण दीर्घकालीन बनेको छैन र भाइरस प्राकृतिक रूपमा निको हुन्छ भने कुनै उपचार आवश्यक पर्दैन।

रोगी क्रोनिक हो वा एन्टिभाइरल थेरापी प्रशासित हुनुपर्छ भन्ने उपचार योजना एक विशेषज्ञ डाक्टरले निर्धारण गर्छन्। यदि तपाईं नियमित चिकित्सा परीक्षणको क्रममा हेपाटाइटिस सी भाइरसबाट संक्रमित भएको शंका छ भने, कृपया सकेसम्म चाँडो चिकित्सकीय सल्लाह लिनुहोस् ।

स्वास्थ्य खबरबाट

# पाल्पा आयुर्वेदिक स्वास्थ्य संस्थाहरूमा दिनहुँ बिरामी बढ्दै



कृष्ण पोखरेल
*पाल्पा*

पाल्पाका आयुर्वेदिक स्वास्थ्य संस्थाहरुमा उपचार गर्ने बिरामीहरुको संख्या दिनहुँ बढ्दै गएको छ । आयुर्वेदिक स्वास्थ्य संस्थामा सबै किसिमका रोगका बिरामीहरुले निःशुल्क उपचार र औषधि सेवा पाएसँगै बिरामीको संख्या दिनहुँ बढ्दै गएका छन् । अहिले पाल्पाका आयुर्वेदिक संस्थाहरुमा दैनिक दुई सयको हाराहारीमा बिरामीहरु उपचार गर्न पुग्ने गरेका छन् । आयुर्वेदिक स्वास्थ्य केन्द्र तानसेनमा नियमित रुपमा दुई जना आयुर्वेदिक चिकित्सकसहित ११ जना कर्मचारीहरुले सेवा प्रवाह गर्दै आएका छन् ।

यसैगरी पाल्पा आयुर्वेदिक स्वास्थ्य केन्द्रको लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयले स्थलगत अनुगमन गरी चालु आर्थिक वर्षको न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यक्रमको नतिजा सार्वजनिक गरेको छ। तानसेनमा आयोजित कार्यक्रममा निर्देशनालयका आयुर्वेदिक विज्ञ डा. विभाकर ठाकुरले स्वास्थ्य केन्द्रले ५९.८२ अंक प्राप्त गरेको नतिजा सार्वजनिक गरेका हुन् । पाल्पा आयुर्वेदिक स्वास्थ्य केन्द्र गत वर्ष लुम्बिनी प्रदेशमा १४ जिल्लाको कार्यसम्पादनमा तेस्रो भई पुरस्कृत भएको थियो। पाल्पामा एक आयुर्वेदिक स्वास्थ्य केन्द्र, ७ वटा आयुर्वेदिक औषधालय , ३ वटा नागरिक आरोग्य केन्द्र गरी ११ वटा आयुर्वेदिक संस्थाले उपचार प्रदान गर्दै आएका छन्। गत वर्ष पाल्पामा ६० बिरामीहरुले आयुर्वेदिक उपचार सेवा लिएका थिए।

निर्देशनालयले सुशासन तथा व्यवस्थापन, अस्पतालको सेवा प्रवाह, तथा सपोर्ट सर्भिस गरी तीन विषयअन्तर्गत ४४० वटा सूचकहरूको आधारमा मूल्याङ्कन गरेको जनाएको छ। सार्वजनिक नतिजाअनुसार केन्द्रले गत आर्थिक वर्ष ५५.८० अंक प्राप्त गरेको थियो भने अघिल्लो वर्ष ५३ अंक पाएको थियो । पछिल्ला तीन वर्षको नतिजा हेर्दा पाल्पा आयुर्वेदिक स्वास्थ्य केन्द्रले क्रमिक रुपमा प्रगति गर्दै गएको देखिएको छ। डा. ठाकुरका अनुसार सेवा गुणस्तर, व्यवस्थापन प्रणाली र अभिलेखीकरणमा सुधार हुँदा अंकमा वृद्धि भएको हो ।

कार्यक्रममा पाल्पा आयुर्वेदिक स्वास्थ्य केन्द्रका प्रमुख माधवप्रसाद बस्यालले केन्द्रले आयुर्वेद क्षेत्रमा गरेका काम तथा गतिविधिहरू सार्वजनिक गरे। उनले पछिल्लो समय आयुर्वेदिक उपचारप्रति सेवाग्राहीको आकर्षण बढ्दै गएको बताए । दैनिक रुपमा विभिन्न दीर्घरोग, जीवनशैलीसम्बन्धी समस्या तथा सामान्य उपचारका लागि सेवाग्राही आउने गरेको उल्लेख गर्दै उनले जनशक्ति र सीमित स्रोत साधनका बाबजुद पनि सेवा निरन्तर प्रवाह भइरहेको बताए।

कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले भवनको अभाव र पर्याप्त बजेट नहुँदा सेवा प्रवाहमा समस्या भइरहेकोमा जोड दिए । जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले आयुर्वेदिक स्वास्थ्य सेवा नागरिकका लागि महत्वपूर्ण रहेको उल्लेख गर्दै केन्द्रको भौतिक पूर्वाधार कमजोर हुनु चिन्ताको विषय भएको बताए। सेवाको माग बढ्दै गएको छ, तर भवन र बजेटको अभावले केन्द्रले चाहेजति सेवा विस्तार गर्न नसकेको समन्वय प्रमुख खनालको भनाइ रहेको छ।

